प्रतिदिन १७औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

**मतदान गर्ने अधिकारको प्रयोग गरौं ।**

- लोकतान्त्रिक शासन व्यवस्थामा मतदानको प्रक्रियामार्फत शासनमा सहभागी होऔं ।
- मतदानको समयमा विवेकको प्रयोग गरौं ।
- मतदान गरेर नागरिकको अधिकार र कर्तव्य निर्वाह गरौं ।
- जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गरौं ।
- निर्वाचनको माध्यमवाट शासन व्यवस्थालाई वैधता प्रदान गरौं ।
- असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरौं ।
- सुशासन कायम गरौ र सुशासनका लागि निरन्तर खबरदारी गरौं ।

नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष-१७ ।। अङ्क : ३२१ ॥ २०८२ माघ १० गते शुक्रबार (24th Jan 2026 Saturday) Pratidin National Daily मूल्य-रु.५/-

## भापा ५ ले बढायो सुरक्षा चुनौती

# बाहिरबाट थप सुरक्षाकर्मी मगाइदै

भापा, माघ ९ । भापा ५ मा एमाले अध्यक्ष केपी ओली र रास्वपाका वरिष्ठ नेता बालेन शाहको उम्मेदवारीसंगै मनोनयनकै दिनदेखि दुवै पार्टीबीच कडा टक्कर शुरु भएपछि सुरक्षा चुनौती बढेको छ ।

देशकै 'चुनावी इपिसेन्टर' बनेको भापा ५ मा सुरक्षा निकायलाई हाइअलर्टमा राखिएको छ । जिल्लाका सुरक्षाकर्मीले नपुग्ने देखेर बाहिरबाट थप सुरक्षाकर्मी मगाइएको छ । जनपद र सशस्त्र गरी दुवै सुरक्षा निकायले माथिल्लो निकायबाट थप सुरक्षाकर्मी माग गरेका छन् ।

भापा ५ मा हिजो आँकलन गरिएको भन्दा बढी सुरक्षा चुनौती देखिएकाले जिल्ला सुरक्षा समितिमा निर्णय गरी माथिल्लो निकायबाट थप जनशक्ति मगाइएको भापाका प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले बताए । उनले जिल्लाका सुरक्षा निकायले भापा ५ लाई बढी संवेदनशील लिएको जानकारी दिए ।

भापा ५ कै लागि कोशी प्रदेश प्रहरी कार्यालयबाट सयभन्दा बढी सुरक्षाकर्मी मगाइएको जिल्ला प्रहरी कार्यालय भापाका सूचना अधिकारी डीएसपी खगेन्द्रबहादुर खड्काले बताए । त्यस्तै सशस्त्र प्रहरी बलले पनि बाहिरबाट थप सुरक्षाकर्मी मगाएको छ । जिल्लामा रहेका सुरक्षाकर्मीले नपुग्ने भएपछि थप सुरक्षाकर्मी मगाउने विषयमा जिल्ला सुरक्षा समितिको बैठकमा छलफल भएको सशस्त्र प्रहरी





बल, नेपाल नं. २ गण हे.क्वा. भापाका गणपति तुलबहादुर भण्डारीले जानकारी दिए ।

**सुरक्षा निकायको सबै कमाण्ड परिवर्तन**

आगामी फागुन २१ गतेको निर्वाचनको लागि भापाका सबै सुरक्षा निकायको कमाण्ड परिवर्तन गरिने भएको छ । गृह मन्त्रालयले भापाका प्रहरी प्रमुख राजन लिम्बूलाई सरुवा गरेर बसुन्धरा खड्कालाई खटाएको छ। लिम्बू फिर्ता भएपछि देशकै ठूलो सुरक्षा चुनौती मानिएको भापाको कमाण्ड खड्काले शुक्रवारदेखि सम्हालेकी छन् । त्यस्तै सशस्त्र प्रहरीको कमाण्ड पनि परिवर्तन हुँदैछ । सशस्त्र प्रहरी बल, नेपाल नं. २ गण हे.क्वा. भापाका गणपतिलगायत जिल्ला तहका कमाण्ड पनि केही दिनभित्रै फेरिने भएका छन् ।

**भापामा ९ हजार सुरक्षाकर्मी परिचालन गरिने**

आगामी निर्वाचनमा भापामा करिब ९ हजार सुरक्षाकर्मी परिचालन गरिने भएको छ । जिल्लाबाट जनपद प्रहरी २२ सय , सशस्त्र प्रहरी ११ सय , नेपाली सेना ८ सय र निर्वाचन प्रहरी ४ हजार ७९७ जना निर्वाचनमा खटिनेछन् । त्यसमा बाहिरबाट थप सुरक्षाकर्मी थपिने छन् ।

**सुरक्षा पोस्ट पुनर्स्थापना**

निर्वाचनको सुरक्षाका लागि जेनजी आन्दोलनमा विस्थापित भएका सबै अस्थायी प्रहरी चौकीहरु पुनर्स्थापना गरिन थालिएको छ । यसक्रममा बुद्धशान्ति वडा न.-४ मंगलबारे बजारमा रहेको अस्थायी प्रहरी चौकीलाई बिहीवार पुनर्स्थापना गरिएको हो ।

जेनजी आन्दोलनका क्रममा सो प्रहरी चौकी विस्थापित भई इलाका प्रहरी कार्यालय बुधवारेमा मर्ज भएको थियो । प्रहरी सहायक निरीक्षक गजेन्द्रबहादुर कट्वालको कमाण्डमा ४जनाको टोलीसहित अस्थायी प्रहरी चौकी मंगलबारे पुनर्स्थापना भएको प्रहरीले जनाएको छ ।

त्यस्तै दमकको बेलडाँगी शरणार्थी शिविरबाट विस्थापित सशस्त्र प्रहरीको बेस क्याम्प पुनर्स्थापना गरिएको प्रमुख जिल्ला अधिकारी गेलालले बताए । जेनजी आन्दोलनमा विस्थापित अभै एउटा अस्थायी प्रहरी चौकी पुनर्स्थापना गर्न बाँकी रहेको गेलालले जानकारी दिए ।

## कमाण्ड सम्हालेसंगै नयाँ एसपी खड्काको कडा निर्देशन

भापा, माघ ९ । भापा प्रहरी प्रमुखको कमाण्ड सम्हालेसँगै नयाँ प्रहरी उपरीक्षक(एसपी) बसुन्धरा खड्काले मातहतका प्रहरीहरुलाई कडा निर्देशन दिएकी छन् । शुक्रवारदेखि उनले जिल्ला प्रहरी कार्यालय भापाको कमाण्ड सम्हालेकी हुन् । सरुवा भएर गएका एसपी राजन लिम्बूको विदाईसंगै नयाँ एसपी खड्काको लागि जिल्ला प्रहरी कार्यालयमा स्वागत कार्यक्रम राखिएको थियो । त्यस कार्यक्रममा बोल्दै एसपी खड्काले शान्तिपूर्ण रुपले निर्वाचन सम्पन्न गर्नुपर्ने जिम्मेवारी आएकाले शान्ति सुरक्षा कायम गर्न सक्रिय भएर लाग्न निर्देशन दिएको एक प्रहरी अधिकारीले बताए । ती प्रहरी अधिकारीका अनुसार एसपी खड्काले जिल्लाका प्रहरीहरुले गर्ने काम कारवाहीका बारेमा जान्न प्रहरी युनिटहरुको अनुगमन गर्ने बताएकी छन् । प्रतिदिनसंग कुरा गर्दै खड्काले आफू नयाँ भएकाले मातहतका प्रहरीसंग बुझ्ने कार्य गरिरहेको जानकारी दिइन् । गृह मन्त्रालयले निर्वाचन गराउनकै लागि खड्कालाई भापामा पठाएको हो । उनी बाग्मती प्रदेश प्रहरी कार्यालय मानव स्रोत व्यवस्थापन महाशाखा हेटौडाबाट आएकी हुन् ।



गृह मन्त्रालयले आइतवार ४८ जना प्रहरी उपरीक्षक( एसपी) को सरुवा गरेको थियो । यसक्रममा जिल्ला प्रहरी कार्यालय भापामा कार्यरत एसपी राजन लिम्बू सरुवा भएर मानव बेचबिखन अनुसन्धान ब्यूरो अनुसन्धान व्यवस्थापन शाखा काठमाण्डौं गएका छन् ।

## एसपी लिम्बूलाई सम्मानसहित विदाइ

भद्रपुर,माघ ९ ।भापाबाट केन्द्रीय कार्यालयमा सरुवा भएका प्रहरी उपरीक्षक राजन लिम्बूलाई भापा उद्योग वाणिज्य संघले सम्मानसहित विदाइ गरेको छ । संघको सभाहलमा शुक्रवार एक कार्यक्रम आयोजना गरी प्रहरी उपरीक्षक लिम्बूलाई सम्मानसहित विदाइ गरिएको हो ।



एकवर्षे कार्यकालमा भापामा विवादरहित ढंगले उद्योगी-व्यवसायीलगायत भापाली नागरिकलाई शान्ति-सुरक्षाको प्रत्याभूति गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै एसपी लिम्बूलाई सम्म्मापत्रसहित मायाको चिनो प्रदान गरिएको थियो ।

कार्यक्रममा संघका कार्यवाहक अध्यक्ष एवम् भापा औद्योगिक व्यापार कृषि तथा पर्यटन महोत्सव मूल आयोजक समितिका संयोजक राजकुमार राईले एसपी लिम्बूलाई सम्मानपत्रसहित मायाको चिनो हस्तान्तरण गरेका थिए ।

कार्यक्रममा संघका उपाध्यक्ष बाबुराम पराजुलीसहित पदाधिकारी- सदस्यहरुले एसपी लिम्बूलाई खादा अबिर पहिर्‍याएर सम्मान गरेका थिए । कार्यक्रमको सञ्चालन महासचिव सुमन्त मैनालीले गरेका थिए ।

भापा जिल्ला प्रहरी कार्यालय प्रमुखको रुपमा लिम्बूले एक वर्ष नेतृत्व सम्हालेका थिए ।

## प्रतिनिधिसभा निर्वाचनमा ३ हजार ४०६ जना उम्मेदवार

काठमाडौं । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि उम्मेदवारी दिनेको संख्या शुक्रवारसम्म देशभरबाट तीन हजार ४०६ जना छन् ।

निर्वाचन आयोगको तथ्यांक अनुसार दर्ता गराएका उम्मेदवारमध्ये तीन हजार १७ पुरुष र ३८८ महिला रहेका छन् । उम्मेदवारमध्ये २५ देखि ४० वर्ष उमेर समूहका एक हजार ५६ जना छन् भने ४१ देखि ६० वर्ष उमेर समूहका एक हजार ९२५ छन् । त्यसैगरी ६१ वर्षभन्दा माथिका चार सय २५ जना छन् ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले शुक्रबार दिउँसो आयोजित साप्ताहिक पत्रकार सम्मेलनमा विभिन्न निर्वाचन क्षेत्रबाट हालसम्म ४९ जना उम्मेदवारले उम्मेदवारी फिर्ता लिएको जानकारी दिएका थिए । उम्मेदवारी दर्तादेखि फिर्ता लिनेसम्म निर्वाचन कार्यक्रम शान्तिपूर्ण र उत्साहजनक रूपमा सम्पन्न भएको आयोगले जनाएको छ ।

समानुपातिक निर्वाचन प्रणालीअन्तर्गतका उम्मेदवारको नामावली पनि प्रकाशित भइसकेको छ र माघ १० गतेसम्म दाबीविरोधको समय दिइएको छ ।

समानुपातिक प्रणालीका लागि राजनीतिक दलहरूले गत पुस १३ र १४ गते बन्दसूची पेस गरेका थिए । माघ १० गते दाबीविरोधको समय सकिएपछि अन्तिम नामावली प्रकाशित गरिने जानकारी पनि आयोगले दिएको छ ।

## राष्ट्रिय सभा सदस्य निर्वाचनको सबै तयारी पूरा

काठमाडौं । माघ ११ गते आइतबार हुने राष्ट्रिय सभा सदस्य निर्वाचनको सबै तयारी पूरा भएको निर्वाचन आयोगले जनाएको छ ।

आयोगले शुक्रबार आयोजना गरेको साप्ताहिक पत्रकार सम्मेलनमा राष्ट्रियसभा सदस्य निर्वाचनअन्तर्गत मतदानका लागि सबै तयारी पूरा भएको प्रवक्ता नारायणप्रसाद भट्टराईले बताए ।

उम्मेदवारको मनोनयनपत्र दर्ता, दाबी बिरोध, छानबिन, अन्तिम नामावली प्रकाशन तथा चुनाव चिन्ह वितरणलगायतका कार्यसम्पन्न भएको उनले जानकारी दिए । निर्वाचनका लागि मतपत्रसमेत सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा पठाइसकिएको छ । राष्ट्रिय सभा सदस्य निर्वाचनको मतदान माघ ११ गते आइतबार बिहान ९ देखि दिउँसो ३ बजेसम्म सम्बन्धित प्रदेशमा तोकिएको मतदान केन्द्रमा हुने आयोगले जनाएको छ ।




माघ ११ गते आइतबार १८ जना राष्ट्रिय सभा सदस्यका लागि निर्वाचन गर्न लागिएको हो । त्यसमा नेपाली कांग्रेसका सुनीलबहादुर थापा निर्विरोध निर्वाचित भइसकेका छन् । १७ जनाका लागि सातै प्रदेश राजधानीमा मतदान गर्ने कार्यक्रम छ ।

राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि प्रदेश सभा सदस्य, स्थानीय तहका प्रमुख र उपप्रमुख एवं अध्यक्ष र उपाध्यक्ष मतदाता हुने कानुनी व्यवस्था छ ।

केही प्रदेश सभा सदस्य र स्थानीय तहका प्रमुख, उपप्रमुख एवं अध्यक्ष, उपाध्यक्षले राजीनामा दिई प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दर्ता गरेकाले मतदाता नामावलीबाट तिनको नाम हटाइएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिए ।

## मेचीनगरमा एमालेका दुई जनप्रतिनिधि रास्वपामा प्रवेश

मेचीनगर, माघ ९ । नेकपा एमालेबाट स्थानीय तहमा निर्वाचित दुई जना जनप्रतिनिधि नै रास्वपामा प्रवेश गरेका छन् ।

भापाको मेचीनगर नगरपालिका वडा



नं. १ का वडा सदस्यद्वय शान्तप्रसाद न्यौपाने र चेतन हुमागाई बिहीवार औपचारिक रुपमा रास्वपामा प्रवेश गरेको रास्वपा क्षेत्रीय संयोजक असिम दाहालले जानकारी दिए । न्यौपाने र हुमागाई २०७९ सालको स्थानीय तहको निर्वाचनमा नेकपा एमालेका तर्फबाट निर्वाचित मेचीनगर १ का वडा सदस्य हुन् । रास्वपाले मेचीनगर १ को हिलेधापस्थित ४९ धारा क्षेत्रमा राखेको मतदाता भेटघाट कार्यक्रमकाबीच रास्वपाबाट भापा १ मा उम्मेद्वार रहेकी निशा डाँगीले न्यौपाने र हुमागाईलाई रास्वपाको चुनाव चिन्ह घण्टीको व्याज लगाइदिएर पार्टी प्रवेश गराएकी थिइन् ।

यसअघि मेचीनगर ३ बाट निर्वाचित वडा सदस्य किशोर भट्टराईले पनि एमाले परित्याग गरेको घोषणा गरिसकेका छन् । यता नेकपा एमालेका सक्रिय सदस्य बिर्तामोड ४ निवासी पुण्यप्रसाद उप्रेतीले पनि पार्टी परित्यागको घोषणा गरेका छन् ।

## भापामा कांग्रेसका ८ जना महिला उम्मेदवार



बिर्तामोड, माघ ९ । भापाको विर्तामोडमा आयोजित एक कार्यक्रमका सहभागी बक्ताहरुले नेपाली कांग्रेसले भापामा महिलालाई अवसर प्रदान गरेको भन्दै प्रशंसा गरेका छन् ।

नेपाली कांग्रेसले भापाको क्षेत्र नं-२ र ५ मा प्रत्यक्षतर्फ महिला उम्मेद्वार उठाएको छ । भापा-२ मा पूर्व केन्द्रीय सदस्य एवं पूर्व राज्यमन्त्री सरिता प्रसाई र भापा-५ बाट महासमिति सदस्य मन्धरा चिमरिया पौडेल नेपाली कांग्रेसका तर्फबाट उम्मेद्वार छन् । यसैगरी भापा क्षेत्र नं-१ मा केशवराज पाण्डे, ३ मा राजेन्द्र घिमिरे र ४ मा देउकुमार थेवे उम्मेद्वार रहेका छन् ।

भापामा समानुपातिकतर्फ ६ जना महिलाहरु सुशिला ढकाल आचार्य, उमा शिवाकोटी, गोमा भटराई, राधा कार्की, रिना उप्रेती र मनु विश्वकर्माले स्थान पाएका छन् भने एकमात्र पुरुष सत्यनारायण चौधरी उम्मेद्वार छन् ।

पार्टीले महिलालाई प्रत्यक्ष र समानुपातिक दुवैतर्फ अवसर प्रदान गरेकोप्रति गर्व गर्दै कार्यक्रमका सहभागीहरुले महिलाहरुका समस्या सम्बोधनका लागि नीति निर्माण गर्ने थलो प्रतिनिधिसभामा आफूहरुलाई पुऱ्याउन आम मतदातालाई अपिल गरेका छन् ।

नेपाल महिला संघ भापाको आयोजनामा सम्पन्न कार्यक्रमका सहभागी बक्ताहरुले महिलाहरुमा अथाह शक्ति हुने तर प्रदर्शन गर्न नचाहने प्रसङ्ग उठाउँदै पार्टीले दिएको अवसरको भरपूर उपयोग गर्न सबै एकजुट भएर जुट्नुपर्ने बताए ।

कार्यक्रममा समानुपातिक उम्मेद्वार एवं पार्टीका पूर्व केन्द्रीय सदस्य सुशिला ढकाल आचार्यले अहिले सामाजिक सञ्जाल प्रचारको प्रमुख माध्यम भएको बताउँदै पार्टीका पक्षमा सत्य तथ्य र विश्वसनीय प्रचार गरी जनमत सिर्जना गर्न युवापुस्तालाई आह्वान गरिन् ।

समानुपातिक पदकै अर्का उम्मेद्वार गोमा भट्टराईले राजनीतिमा अवसर गौण कुरा भएको बताउँदै निरन्तर संघर्ष, संगठनमा दर्बिलो उपस्थितिले आफ्नो पहिचान बनाउन सकिने भन्दै नेता गणेशमान सिंहको उदाहरण प्रस्तुत गरिन् ।

कार्यक्रममा नेपाली कांग्रेस भापाका सचिव कृष्ण हुमागाईले पार्टीले महिलालाई दिएको अवसरको भरपूर उपयोग गर्न आह्वान गर्दै एक ब्यक्तिलाई एकपटक मात्रै समानुपातिक सांसद बनाउने पार्टी नीतिले ढिलो-छिटो सबैले अवसर पाउने चर्चा गरे ।

अर्का समानुपातिक उम्मेद्वार मनु विश्वकर्माले आफूले दलित, महिला र युवापुस्ताको प्रतिनिधित्व गरेको बताउँदै पार्टीले अवसर दिएकोमा आभार ब्यक्त गरिन् ।

नेपाल महिला संघ भापाका अध्यक्ष टिका सिटौला मैनालीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सिता चुडाल सुवेदी, रनमाया रसाईली, सिता चम्लागाईलगायतले आ-आफ्ना धारणा राखेका थिए । भेलाले नेपाली कांग्रेसबाट उठेका उम्मेद्वारको पक्षमा माहौल सिर्जना गर्न सबै क्षेत्रीय समितिहरुलाई आग्रह गरेको छ । संघका सबै तहका समितिहरुलाई सक्रिय बनाएर आम मतदातालाई मतदानमा सहभागी गराउने कार्यमा महत्वपूर्ण भूमिका खेल्न आह्वान पनि गरेको छ ।

## पश्चिम बंगालमा निपाहको संक्रमण पुष्टि

# पूर्वी नाका काँकडभिट्टामा उच्च सतर्कता

• लक्ष्मी उप्रेती

मेचीनगर । नेपालको पूर्वी नाकासँग सीमा जोडिएको भारतको पश्चिम बंगालमा घातक निपाह भाइरसको संक्रमण पुष्टि भएसँगै पूर्वी सीमा नाकामा उच्च सतर्कता अपनाइएको छ । पश्चिम बंगालमा केही साताअघि निपाह भाइरसको संक्रमण पुष्टि भएको थियो । त्यसकारण पूर्वी नाकाबाट भित्रिने यात्रुमाथि कडा निगरानी शुरु गरिएको हो ।

काँकरभिट्टासँग पश्चिम बंगालको रानीगञ्ज पानीट्याँकी नाकाको दुरी खासै टाढा छैन। खुला सीमाका कारण नेपालमा यसको जोखिम 'उच्च' रहेको भन्दै मेचीनगर नगरपालिकाले काँकरभिट्टा नाकामा उच्च सतर्कता अपनाएको नगरपालिकाको स्वास्थ्य शाखाले जनाएको छ ।



स्वास्थ्य शाखाका अनुसार सीमा क्षेत्रमा रहेका हेल्थ डेस्कहरूलाई सक्रिय बनाइएको छ । शंकास्पद लक्षण देखिएका यात्रुहरूलाई तत्कालै पहिचान गरी आवश्यक प्रक्रिया अघि बढाउन हेल्थ डेस्कहरुमा रहेका स्वास्थ्यकर्मीहरुलाई निर्देशन दिइएको छ । मेचीनगर नगरपालिका, कोशी प्रदेशको स्वास्थ्य मन्त्रालय, स्वास्थ्य कार्यालय झापाले संयुक्तरुपमा सीमाक्षेत्रमा चेतनामुलक फ्ल्याक्स बोर्ड राखेका छन् । निपाह भाइरस कसरी फैलिन्छ ? मानिसबाट मानिसमा कसरी सर्ने ? आफूलाई कसरी सुरक्षित राख्ने? वा समयमै पहिचान र रोकथामले जीवन बचाउनेलगायतका चेतनामुलक सन्देश बोर्डमा राखिएको छ ।

भारतको पश्चिम बंगालमा निपाह भाइरसको संक्रमण देखिएपछि सरकारले सबै हवाई तथा थल मार्ग हुँदै भित्रिने यात्रुको निगरानी शुरु गरेको छ ।स्थल मार्गबाट नेपाल भित्रिने यात्रुहरूको कडा निगरानी सुरु गरिएको हेल्थ डेस्कमा कार्यरत स्वास्थ्यकर्मीहरुको भनाई छ । यो नाका भएर हवाईमार्ग तथा स्थलमार्ग हुँदै नेपाल घुम्नका लागि पश्चिम बंगालको सिलिगुडी, नक्सलबारी, दार्जिलिङ, खर्साङ, कालेम्पोङ, मिरिक, सिक्किमलगायत रोजगारीका लागि दिल्ली मुम्बई, कोलकाता गएका नेपालीहरु फर्किने गरेका छन् । काठमाडौं जान चन्द्रगढी विमानस्थल नजिक पर्ने भएकोले यो नाका भएर मानिसहरु आउने गरेका छन् ।

भारतमा संक्रमण बढ्दो क्रममा रहेको र झापा जिल्लाको १४४ दशमलव २ किलोमिटर खुला सीमाका कारण नेपालमा यसको जोखिम 'उच्च' रहेको भन्दै स्थानीय सरकारले सुरक्षा व्यवस्था कडा पारेको जनाएको छ । चिकित्सकहरुले सर्वसाधारणलाई व्यक्तिगत सरसफाई र खानपानमा विशेष ध्यान दिन आग्रह गरेका छन् । संक्रमणको जोखिमलाई मध्यनजर गर्दै स्वास्थ्य कार्यालय झापाले सीमा नाकामा निगरानी बढाउनेदेखि निपाहसँग मिल्दाजुल्दा लक्षण भएका बिरामीको विवरण संकलन गर्नेसम्मका काम अगाडि बढाउन भनिसकेको हेल्थ डेस्कमा खटिएका स्वास्थ्यकर्मीहरुले बताएका छन् ।

संक्रमित फलफूल खाने चमेरा, सुँगुर वा बंगुरसँग सम्पर्क हुनाले, दुषित कुँवा, इनारको पानीको प्रयोग गर्नाले, चमेरा बस्ने गुफा वा आश्रय स्थलमा प्रवेश गर्नाले जनावरबाट मानिसमा यो फैलिन सक्ने स्वास्थ्य विज्ञहरुको भनाई छ । संक्रमित व्यक्तिसँग नजिकको सम्पर्कमा आउनाले, शरीरका तरल पदार्थ र्‍याल, थुकसँग सम्पर्कमा आउनाले , स्याहारकर्ता तथा स्वास्थ्यकर्मीहरुमा जोखिम बढी हुनाले पनि मानिसबाट मानिसमा सर्ने गर्दछ । चमेराको र्‍याल वा पिसावसँग सम्पर्कमा रहेको दुषित फलफूल खानाले, काँचो खजुराको रस पिउनाले, नछोपिएका जुस वा खानेकुरा सेवन गर्नाले दुषित खाना, पेय पदार्थमार्फत यो संक्रमण सर्दछ । फलफूल राम्रोसँग धुने, काँचो खजुराको रस सेवन नगर्ने, हातको सरसफाई अपनाउने , बिरामी व्यक्तिसँग सम्पर्क नगर्नाले आफूलाई सुरक्षित राख्न सकिने डाक्टर पिताम्बर ठाकुरको सुझाव छ । डाक्टर ठाकुरका अनुसार निपाह भाइरस सर्ने मुख्य कारणहरु बुझ्नाले संक्रमणबाट बच्न मद्धत मिल्ने छ । निपाह भाइरस चमेरो, सुँगुर र संक्रमित व्यक्तिबाट सर्ने भएकाले ती माध्यमलाई विशेष ध्यान दिएर रोकथामका उपाय अपनाइएको मेचीनगर नगरपालिकाको स्वास्थ्य शाखाले जनाएको छ ।

विश्व स्वास्थ्य संगठनका अनुसार निपाह भाइरस कोरोनाभन्दा पनि बढी घातक मानिन्छ । यसको मृत्युदर ४० देखि ७० प्रतिशतसम्म छ । यो भाइरस मुख्यतयाः संक्रमित चमेरो र सुँगुरबाट मानिसमा सर्छ । संक्रमित पशुले जुठो हालेका फलफूल वा तिनीहरूको मासु खाँदा सर्छ । संक्रमित व्यक्तिसँगको नजिकको सम्पर्कबाट पनि यो फैलिन सक्छ । संक्रमण भएको ३ देखि १४ दिनभित्र ज्वरो आउने, टाउको दुख्ने, खोकी लाग्ने र श्वासप्रश्वासमा समस्या हुने जस्ता लक्षण देखिन्छन् । जटिल अवस्थामा यसले मस्तिष्क सुन्निने र बिरामी २४ देखि ४८ घण्टाभित्रै कोमामा पुग्न सक्ने जोखिम रहन्छ । भारतमा यसअघि पनि विभिन्न समयमा यो भाइरसको संक्रमण फैलिएको थियो।






### बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय
### कोशी प्रदेशको
## १५ दिने सूचना

सधियार पश्चिमः भद्रिका ढकालको नाममा जारी गरिएको ।

साविक चारपाने गाविस वडा नं. १ हाल बिर्तामोड नगरपालिका, वडा नं. १ बस्ने श्री रोजीना पराजुलीले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा १ | १ | ६०७५ | ६९३.६५ | २०८२/०८ /१४ | २०८२/०८ /१४ | २०८२/१०/०८ |

### बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय
### कोशी प्रदेशको
## १५ दिने सूचना

सधियार पूर्वः श्री इन्द्र बहादुर गुरुङ्ग, पश्चिमः भिमा भट्टराईको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ३ हाल बिर्तामोड नगरपालिका, वडा नं. ५ बस्ने श्री केशी माया गुरुङ्गले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ५ | १७९०० ४० | ११२६ | १६९.३२ | २०८२/०९ /२३ | २०८२/०९ /२३ | २०८२/१०/०९ |

# सिटी सेन्टरमा यस वर्ष पनि जुत्ता मेला

झापा,माघ ९ । बजारका पसलमा भन्दा विभिन्न ब्राण्डका स्तरीय जुत्ताहरु ग्राहकलाई सस्तो बिक्री गर्ने उद्धेश्यले यस वर्ष पनि बिर्तामोडको सिटी सेन्टरमा जुत्ता मेला शुरु भएको छ ।

ग्राहकहरुको मागलाई ध्यान दिँदै तेस्रो वर्ष सिटी सेन्टरको संयोजनमा जुत्ता मेला आयोजना गरिएको हो । माघ ७ देखि शुरु भएको मेला फागुन १७ गतेसम्म चल्ने छ । शुक्रवार एक कार्यक्रमका बीच बिर्तामोड उद्योग वाणिज्य संघका वरिष्ठ



सदस्य निर्मल भट्टराई र बिर्तामोड ५ का वडाध्यक्ष रोहित प्रसाईले औपचारिकरुपमा सो जुत्ता मेलाको उद्घाटन गरे । उनीहरुले स्वदेशी उत्पादनलाई टेवा पुऱ्याउन स्वदेशी कम्पनीको जुत्ता खरिद गरी प्रयोग गर्न आग्रह गरे । मेलामा गोल्डस्टार , फस्ट वाकलगायतका स्वदेशी कम्पनी तथा चाइनिज र इन्डियन कम्पनीका समेत जुत्ता उपलब्ध रहेको संचालक सुमन नेपालीले बताए । उनले भारी छुटमा जुत्ता उपलब्ध गराइएको जानकारी दिए ।

जुत्ता मेलामा ग्राहकहरुको भीड देखिएको छ । ग्राहकहरुको माग र आवश्यकता अनुसार सिटी सेन्टरमा हरेक वर्ष जुत्ता मेला संचालन गर्दै आएको सिटी सेन्टरका संचालक दिपेन्द्र राउतले बताए ।

## पुस्तक..

सहयोगले विद्यार्थीहरूलाई प्रत्यक्ष राहत पुगेको बताइन्। 'धेरै विद्यार्थी आर्थिक अवस्थाका कारण आवश्यक शैक्षिक सामग्री जुटाउन सक्दैनन्,'उनले भनिन्, 'यस प्रकारको सहयोगले उनीहरूको पठनपाठनमा ठुलो मद्दत पुगेको छ।' विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विश्वबन्धु थापाले पनि कार्यक्रमले विद्यार्थीहरूमा नयाँ उत्साह र आत्मविश्वास थपिएको बताएका छन्। उनले यस वर्षदेखि कक्षा १ सम्म पूर्णरूपमा अंग्रेजी माध्यममा पठनपाठन सुरु गरिएको जानकारी दिँदै बाह्य सहयोगले विद्यालयको गुणस्तर सुधारमा टेवा पुग्ने विश्वास व्यक्त गरे।

कार्यक्रम सफल बनाउन विद्यार्थी बुक्स बिर्तामोड, पूजा कपी चितवन, हिमाल कपी उद्योग विराटनगर र सुगम सेल्स बिर्तामोडको विशेष सहयोग रहेको थियो। महासंघ झापाका अध्यक्ष विनोद सापकोटाले दाता व्यवसायीहरूको योगदानप्रति कृतज्ञता व्यक्त गर्दै भने, 'दाता व्यवसायीहरूको सहयोगकै कारण हामी विद्यालयसम्म पुग्न सकेका हौँ।' उनले सबैको सहकार्य भए झापामै पुस्तकालय निर्माणका लागि जग्गा र भवन निर्माण गर्ने दीर्घकालीन योजना रहेको उनले जानकारी गराए। 'स्थानीयवासीले पनि पुस्तकालयका लागि जग्गा व्यवस्थापनमा सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् ।

कार्यक्रमको सहजीकरण महासंघका सचिव चन्द्रमणि घिमिरेले गरेका थिए। १३औं राष्ट्रिय पुस्तक दिवसको अवसरमा आयोजित यस कार्यक्रमले पुस्तक व्यवसाय, शिक्षा र सामाजिक उत्तरदायित्वबीचको सम्बन्धलाई अझ मजबुत बनाउँदै सामुदायिक विद्यालय सुदृढीकरणतर्फ सकारात्मक सन्देश दिएको सहभागीहरूको भनाई थियो।

# शिवसताक्षी नगरपालिका नगर कार्यपालिकाको कार्यालय

व्याङडाँडा ,झापा

## जनहितमा जारी सूचना

महिला हिंसा अन्त्य गरौं ।

१. महिला हिंसा जहाँसुकै र जो सुकैबाट पनि हुन सक्छ, सचेत होऔं,
२. महिलामाथि शारीरिक, मानसिक, आर्थिक र सामाजिक रुपमा हिंसा हुन सक्छ,
३. कुनै प्रकारको हिंसा भएमा उजागर गर्ने हिम्मत गरौं,
४. हिंसामा परे तत्काल कानूनी सहायता लिऔं
५. कानूनी सहायता र सहयोगका लागि महिला हेल्पलाइन (११४५) मा सम्पर्क गरौं,
६.घर-परिवार, विद्यालय, कार्यालय र समाजमा समान व्यवहार गरौं,
७. महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौं,
८.हिंसामुक्त घर तथा समाज निर्माणमा जिम्मेवार होऔं,
९. महिला हिंसा विरुद्ध शुन्य सहनशीलता अपनाऔं ।

# ऋण/कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सूचना

प्रकाशित मितिः २०८२/१०/१०

तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट विभिन्न ऋण/कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आएको ऋण/कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज तथा अन्य दैदस्तुर नबुझाई बैंकसंग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरुको उल्लंघन गरेको र पटक/पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत बेवास्ता गरेकाले ऋणी, जमानतकर्ता एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण कर्जासंग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ता भुक्तान गर्नु/गराउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित मितिले ३५ (पैतिस) दिनभित्र यस बैंक/सम्बन्धित शाखामा सम्पर्क राखी बैंकबाट लिएको ऋण कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज र अन्य दैदस्तुर चुक्ता भुक्तान गर्नु/गराउनु होला । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि ऋणी, व्यक्तिगत जमानीकर्ताहरु एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जासंग सम्बद्ध सबै पक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश गर्न लेखि पठाई एवं नेपाल सरकार, अध्यागमन बिभागमा पासपोर्ट जफत गर्ने कार्य गर्न समेत लेखि पठाईने छ । कर्जाको सुरक्षण स्वरुप बैंकलाई दिएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम विक्री गरि बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारबाही अघि बढाइने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम विक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम विक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा समेत सूचित गरिन्छ ।

**तपसिल**

| | |
|---|---|
| **शाखा कार्यालय : दुर्गापुर** | **कर्जाको प्रकार : चालुपूँजी कर्जा** |
| **ऋणी, धितो र व्यक्तिगत जमानीकर्ताको नाम थर तथा तिनपुस्ते बिवरण** | |
| **ऋणी/धितो जमानीकर्ता** : प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार उद्योग मन्त्रालय घरेलु तथा साना उद्योग बिभाग घरेलु तथा साना उद्योग कार्यालय, भद्रपूर झापामा मिति २०६७/०३/०४ मा प्रा.फ.नं.घ.उ.वि. ३२९/१६६/९५८९ अन्तर्गत रजिष्ट्रर्ड/दर्ता भएको रजिष्ट्रर्ड ठेगाना झापा जिल्ला, सूरुङ्गा गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भै हाल झापा जिल्ला, कनकाई न.पा., वडा नं. ३ सूरुङ्गा स्थित **कन्काई गृल उद्योग**को तर्फबाट ऐ. का अख्तियार प्राप्त प्रोप्राइटर लक्ष्मी कान्त बोहोराको नाति ललि बहादुर बोहोराको छोरा नागरिकता वमोजिम झापा जिल्ला कनकाई न.पा. वडा नं. ३ सुरुङ्गा स्थायी ठेगाना भै हाल सोही स्थानमा बस्ने मिति २०५५/०४/२५ मा जिल्ला प्रशासन कार्यालय, झापाबाट जारी गरिएको ना.प्र.प.नं. ९१५२२०१९ भएको बर्ष ४८ को **अर्जुन बोहोरा** । | |
| **धितो सूरक्षणको विवरण:** अर्जुन बोहोराको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुरमा दर्ता कायम रहेको झापा जिल्ला, सूरुङ्गा गा.वि.स., वडा नं.३ स्थित कि.नं. १८९८ र १३६६ को क्षेत्रफल क्रमश : ०-४-१० र ०-३-१० (बि.क.धु) को जग्गा र उल्लेखित जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | **व्यक्तिगत जमानीकर्ता** नाम : विना कुमारी बोहोरा<br>बाबु : टिका राम महत<br>पति : अर्जुन बोहोरा<br>ना.प्र.नं. ०४१०३१/२२०४ (जारी मिति : २०६८/०२/०२, झापा)<br>ठेगाना : झापा जिल्ला, सुरुङ्गा गा.वि.स., वडा नं. ५ सुरुङ्गा स्थायी ठेगाना भै हाल झापा जिल्ला, कनकाई न.पा,. वडा नं. ३. सुरुङ्गा बस्ने । |

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

कर्जा असली विभाग

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# हात्तीपाइले निवारण गरौं

हात्तीपाइले रोग निवारण नभएपछि झापामा हात्तीपाइले रोग बिरूद्धको १४ औं चरणको आम औषधी खुवाउने कार्यक्रम ६ वटा पालिकामा सुरूवात गरिएको छ । १३ औं चरणको औषधी खुवाउने कार्यक्रम सम्पन्न भएपछि पनि एक प्रतिशत बढी नागरिकमा हात्तीपाइले रोगको किटाणु देखिएका अ ज ुर् न धा रा , क न का इ ‍र् न ग र पा लि का तथा झापा, बाह्रदशी हल्दिवारी र कचनकवल गाउँपालिकामा १४ औं चरणको आम औषधी खुवाउने कार्यक्रम सुरू गरिएको हो । यस अभियानमा ६ वटा पालिकाका २ लाख ८२ हजार नागरिकले औषधी सेवन गर्ने छन् भने तीन सय हाराहारीमा स्वास्थ्यकर्मी परिचालित हुने छन् । प्रतिपालिका सरदर एक करोड हाराहारी खर्च हुने अभियान विहानदेखि रातिसम्म निरन्तर खटिएर लक्षित सवै नागरिकलाई प्रत्यक्ष औषधी खुवाएर यस वर्षबाट झापा जिल्लालाई हात्तीपाइले रोगमुक्त जिल्ला बनाउन लागिपरिरहेको स्वास्थ्य कार्यालय झापाका प्रमुख तेजकुमार दासले जानकारी दिए । डब्लुएचओका कार्यक्रम अधिकृत रविन्द्र खनियाले सहजीकरण गरेको सरोकारवालासितको छलफल कार्यक्रममा स्वास्थ्य कार्यालय झापाले प्रस्तुत गरेको विवरण अनुसार हात्तीपाइलेका कारण २३०० हाइड्रोसिल र खुट्टा सुन्निएका बिरामी रहेका छन् । यी विरामीहरूका लागि सहज जीवनशैली निर्माण गर्न आवश्यक उपचारमा समेत सरकारले नि:शुल्क सेवा दिइरहेको जनाइएको छ ।

कार्यक्रममा हात्तीपाइले उल्मूलनका लागि तल्लो तहबाटै एक जुट भएर काम गर्ने प्रतिबद्धता समेत जनाएका थिए । १३ वर्षयता निरन्तर झापामा हात्तीपाइले निवारणका लागि अभियान चलिरहे पनि स्थानीय सरकार तथा मातहतका कर्मचारीले सही रूपमा समन्वय गरेर काम गर्न नसक्दा हात्तीपाइले निवारणको सूचकमा असफल भएको देखिएको छ । हात्तीपाइले रोग रगतमा बस्ने बिचेरिया ब्रानकोफ्री नामक परजीवीबाट लाग्ने गर्छ भने लामखुट्टेको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने गर्छ । यदि सबैले साथ नदिए झापाबाट हात्तीपाइले रोग निवारण हुँदैन । अझै धेरै चरण औषधी खुवाउँदा राज्यको अझ करोडौ रकम खर्च हुन सक्छ । त्यसकारण यस पटक झापाबाट हात्तीपाइले रोग निवारण गरौं ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# निर्वाचनको जंगीकरणले निम्त्याउने दीर्घकालीन खतरा



• राजेन्द्र दाहाल

यस पटकको निर्वाचनमा राजनीतिक माहौल बनिरहेको देखिँदैन। यो कुनै आश्चर्यको विषय होइन। किनकि यो चुनाव स्वाभाविक राजनीतिक प्रक्रियाबाट हुन लागेको होइन। यो परिबन्दमा परेर गर्न लागिएको बाध्यताको चुनाव हो।

२०८२ भदौ २३ र २४ गते मुलुक जुन स्तरको अस्तव्यस्तता र अराजकतामा फस्यो, त्यसले राज्यलाई तत्काल कुनै न कुनै निकास खोज्न बाध्य बनायो। विगतमा यस्ता गम्भीर संकट आउँदा अन्तिम विकल्पका रूपमा सर्वदलीय बैठक, सेना परिचालन वा आपतकालीन व्यवस्था अपनाइन्थ्यो। तर, यो पटक ती सबै विकल्प एकैचोटि निष्क्रिय बने। ती उपायहरू प्रयोगबाहिर धकेलिएको अवस्थामा आन्दोलनरत पक्षबाट अत्यन्त ठूलो माग अघि सारियो- संसद् विघटन।

त्यो समय सिंहदरबार र शीतल निवासमा आगलागी भइरहेको थियो। सर्वोच्च अदालत समेत त्यसैको लपेटामा परिसकेको थियो। राज्य संयन्त्रका लागि तत्काल आगो निभाउनु पहिलो प्राथमिकता बन्यो। यही अवस्थामा राष्ट्रपतिले संसद् विघटन नगरी प्रधानमन्त्री नियुक्त गर्ने र नवनियुक्त प्रधानमन्त्रीको सिफारिशमा संसद् विघटन गर्ने बाटो रोजे। तीन वर्ष पनि पूरा नगरेको संसद् विघटन गरिनु असाधारण र बाध्यकारी निर्णय थियो।

भदौ २७ गते नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीको सिफारिशमा राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधिसभा विघटन गरी फागुन २१ गते निर्वाचनको मिति तोके। तोकिएको समयमा निर्वाचन हुन नसके संवैधानिक संकट अझ गहिरिने सम्भावना छ। संविधानले नचिन्ने प्रक्रिया र संविधानले नचिन्ने व्यक्तिलाई प्रधानमन्त्री बनाइएको अवस्थालाई जनमत मार्फत सच्याइने विश्वास गरिएको छ। जनतामा गएपछि सबै त्रुटि सच्चिन्छन् र संवैधानिक मार्गमा राज्य पुनः फर्किन्छ भन्ने बुझाइबाट निर्वाचनलाई अन्तिम निकासका रूपमा प्रस्तुत गरिएको हो। यो प्रक्रिया संकटबाट बाहिर निस्कने सबैभन्दा राम्रो उपाय हो।

शुरूकै प्रश्नमा फर्कौं। यस निर्वाचनमा किन उत्साह पैदा हुन सकिरहेको छैन? बाध्यतामा गरिएको निर्वाचनले स्वाभाविक राजनीतिक उत्साह सिर्जना गर्न सक्दैन। सुशीला कार्की सरकार गठनपछि जुन किसिमको राजनीतिक वातावरण बनाइनुपर्ने थियो, त्यो बन्न सकेन। आक्रोशको ज्वाला शान्त हुन सकेन। स-साना विषयमा पनि प्रधानमन्त्रीको राजीनामा माग्न थालियो। विभिन्न किसिमका धम्की, घुर्की र दबाबहरू आइरहेका छन्। भदौ अन्तिम साताको अस्तव्यस्तपछि प्रकट भएका नवपुस्ता लगायत विभिन्न समूहसित सम्झौता गर्दै मुलुक आजको अवस्थामा आइपुगेको छ। यस परिस्थितिमा स्थापित राजनीतिक दलका नेताहरू विवश देखिन्छन्।

चुनावी माहौल सिर्जना गर्ने भनेकै राजनीतिक दलहरू हुन्। दलहरू नै रक्षात्मक बन्नु परेकाले चुनावी चहलपहल कमजोर छ। चारैतिर आक्रोश फैलिरहेको छ। राजनीतिक दिशा प्रस्ट छैन। पहिलो पटक यस्तो देखिँदैछ- निर्वाचनको मुखमा आइपुग्दा धेरै चिनिएका राजनीतिक व्यक्तित्वले सार्वजनिक रूपमा चुनाव नउठ्ने घोषणा गरिरहेका छन्। उनीहरू राजनीतिमा सक्रिय छन्, पार्टीमा छन्, तर निर्वाचन प्रक्रियाबाट आफूलाई अलग राखिरहेका छन्।

चार पटक संसद्को निर्वाचन जितिसकेका एक जना नेताले यस पटक चुनाव नउठ्नुको कारण उचित वातावरण नभएको बताए। नयाँपुस्तालाई अवसर दिनुपर्ने भन्दै निर्णयलाई बाध्यताका रूपमा व्याख्या गरे। चुनाव जितेर संसद् पुगेपछि माननीय भनिन्थ्यो। तर, आज मान विनाको माननीय भएको अनुभूति उनको थियो। मन्त्री नहुने सांसद संसद्मा बसेर केवल हात उठाउने भूमिकामा सीमित भएको, निरन्तर आलोचना र गाली सहनुपर्ने अवस्था सिर्जना भएको उनको गुनासो थियो।

त्यो बाहेक निर्वाचन खर्च असह्य बन्दै गएको छ। रु.एक करोडभन्दा कम खर्चमा चुनाव उठ्न सकिने अवस्था समाप्त भइसकेको छ। सयौं मतदान केन्द्रमा प्रतिनिधि खटाउनुपर्ने, तिनको खर्च बेहोर्नुपर्ने, प्रचार र व्यवस्थापनको भार थपिँदै गएको छ। चार पटक चुनाव जित्दा पनि कहिल्यै मन्त्री हुन नपाएको अनुभवले उनमा निराशा थपेको बुझ्न सकिन्थ्यो। भूमिका निर्वाह गर्न नपाइने गाली मात्रै खानुपर्ने अवस्थाले धेरैलाई संसद् राजनीतिबाट टाढा धकेलेको छ।

यो समस्या व्यक्तिमा मात्र सीमित छैन। देश स्वयं पनि अत्यधिक खर्चको भार बोकेर निर्वाचनतर्फ अघि बढिरहेको छ। यो पटक निर्वाचनको प्रत्यक्ष खर्च रु.२३ देखि २५ अर्ब पुग्ने अनुमान गरिएको छ। त्यसमा झन्डै रु.१९ देखि २० अर्ब सुरक्षा खर्चका नाममा छुट्याइएको छ। अर्थमन्त्रीले चुनाव कम खर्चिलो बनाउनुपर्ने भनाइ सार्वजनिक गरिरहँदा खर्चका तथ्यांकहरू त्यसको ठीक उल्टो देखिइरहेका छन्।

जेन-जी प्रदर्शन, जेलबाट भागेका कैदी वा लुटिएका हतियारका कारण सुरक्षा खर्च बढेको भनेर व्याख्या गर्न मिल्दैन। विगतका निर्वाचनहरू हेर्दा सुरक्षा खर्च निरन्तर बढ्दै गएको देखिन्छ। २०७४ र २०७९ सालमा क्रमशः रु.१७ अर्बबाट १९ अर्ब हुँदै अहिले रु.२५ अर्ब नजीक पुगेको चुनावी खर्चको ग्राफले यो प्रवृत्ति नरोकिने स्पष्ट पार्छ।

निर्वाचन आयोगको खर्च मतपत्र छपाइ, निर्वाचन सामग्री, स्टेशनरी र प्रशासनिक व्यवस्थापनमा सीमित हुन्छ। त्यस्तो खर्च केही अर्बभन्दा धेरै हुँदैन। तर, ठूलो रकम सुरक्षा खर्चका नाममा जान्छ। सुरक्षा भन्नाले नियमित तलब खाइरहेका सुरक्षाकर्मी नै हुन् भनी बुझ्नुपर्छ। म्यादी सुरक्षाकर्मी बाहेक अधिकांश खर्च अतिरिक्त भत्ता र व्यवस्थापनमा जान्छ। निर्वाचन अधिकृतका रूपमा खटाइने न्यायाधीश पनि राज्यकै नियमित कर्मचारी हुन्। यसरी प्रत्यक्ष खर्च अस्वाभाविक रूपमा बढ्दै गएको छ।

यसको प्रत्यक्ष असर मतदातामा परेको छ। हालको अनुमान अनुसार एक जना मतदाताका लागि राज्यले करीब चौध सय रुपैयाँ प्रत्यक्ष खर्च गरिरहेको छ। करीब १ करोड ९० लाख मतदातालाई आधार मानेर गरिएको यस खर्चमा उम्मेदवार, पार्टी र नियमित सरकारी खर्च समावेश छैन। करीब ६० देखि ६५ प्रतिशतभन्दा माथि मतदान हुने गरेको छैन। राज्यले खर्च त सबै मतदाताका नाममा गरेको छ। यसको अर्थ ठूलो मात्रामा स्रोत खेर गइरहेको छ।चुनाव भनेको लोकतन्त्रको उत्सव हो। तर, अहिले चुनाव भन्नासाथ राजनीति, नागरिकका जल्दाबल्दा समस्या र जनचासोभन्दा प्राथमिकतामा सुरक्षा देखिन्छ। यसले नागरिक उत्साह बढाउनुको सट्टा डर र उदासीनता उत्पादन गरिरहेको छ। यसै कारण अहिलेको निर्वाचनलाई केवल प्रक्रिया होइन, लोकतान्त्रिक अभ्यास स्वयं संकटमा परेको संकेतका रूपमा हेर्नुपर्ने अवस्था आएको छ।

चुनाव भन्नासाथ नागरिकभन्दा पहिले सेना, प्रहरी र सुरक्षालाई केन्द्रमा राखिने प्रवृत्ति हाबी हुँदै गएको छ। यही प्रवृत्तिले 'सिभिलियन' निर्वाचनको जंगीकरण र लोकतान्त्रिक संरचनाहरूको क्षयीकरण हुन थालेको छ।

प्रायः सबै मीडियामा 'कुन जिल्लामा कति मतदान केन्द्र संवेदनशील छन्' भन्ने प्रचार एक महीनाअघिदेखि नै शुरू भएको देखिन्छ। 'संवेदनशील मतदान केन्द्र'को सूची सार्वजनिक गरिन्छ। निश्चय नै कतिपय स्थान संवेदनशील हुन सक्छन्। मतदान केन्द्र र मतपेटिका लुटिन सक्ने, अवाञ्छित गतिविधि हुन सक्ने सम्भावना पूर्णतः अस्वीकार गर्न सकिँदैन। तर, ती सबै कुरा सार्वजनिक रूपमा प्रचार गर्ने विषय होइनन्। सुरक्षा व्यवस्थापनको जिम्मा लिएको निकायले आफ्नो दायित्वभित्र रहेर व्यवस्थापन गर्ने कुरा हो। त्यसका लागि बजेट चाहिन्छ भने बजेट माग्ने हो। तर, सम्पूर्ण समाजलाई डर र असुरक्षाको मनोविज्ञानमा धकेल्ने गरी प्रचार गर्नु लोकतान्त्रिक अभ्यास होइन।

संवेदनशीलताको अत्यधिक 'लेबलिङ' चुनावी बजेट बढाउने एउटा माध्यम बन्दै गएको छ। जसरी हुन्छ खर्च बढाउने प्रवृत्ति मौलाउँदै गएको छ। परिणामस्वरूप निर्वाचन कर्मचारी र सुरक्षाकर्मीका लागि छुट्टै काम र छुट्टै अवसर जस्तो बनेको छ। कार्यालयमा बसेर गर्ने नियमित कामको तलबभन्दा बाहिर निर्वाचनमा खटिंदा थप भत्ता, सुविधा र व्यवस्थापन खर्च जोडिन्छ। स्थलगत रूपमा खटिंदा केही अतिरिक्त खर्च आवश्यक पर्नु स्वाभाविक हो। तर त्यस सीमाभित्र सीमित भएमा यति ठूलो खर्च आवश्यक पर्दैनथ्यो।

चुनावमा ८० हजार सेना परिचालन हुने समाचार सार्वजनिक भएका छन्। यदि यसलाई सही मान्ने हो भने यसको अर्थ ती सुरक्षाकर्मीका लागि अतिरिक्त खर्च र भत्ता सुनिश्चित गर्नु हो। यसले खर्चलाई अझै अस्वाभाविक बनाएको छ।

मेरो बुझाइमा निर्वाचन कर्मचारीले 'सिभिलियन' ढंगले सञ्चालन गर्नुपर्ने प्रक्रिया हो। अझ आदर्श रूपमा हेर्ने हो भने म्यादी प्रहरीको सट्टा स्वयंसेवकको अवधारणा विकास गर्न सकिन्थ्यो। निर्वाचनमा सहकार्य गर्ने, मतदान प्रक्रियामा सहयोग गर्ने नागरिक स्वयंसेवकको प्रणाली किन विकास गरिएन भन्ने प्रश्न उठ्छ। प्रतिस्पर्धामा रहेका राजनीतिक दलहरूबीच सहमति भएमा स्वयंसेवक परिचालनमा आपत्ति गर्नुपर्ने कारण देखिँदैन। तर, अग्रपंक्तिमा नागरिक र पछाडि सुरक्षा संयन्त्र रहने व्यवस्था लोकतन्त्रको आत्मासँग मेल खान्छ।

आज परिस्थिति उल्टिएको छ। नागरिक प्रक्रियामा सञ्चालन हुनुपर्ने निर्वाचनमा जंगी संरचना हाबी हुँदै गएको छ। यसको प्रत्यक्ष असर खर्च वृद्धिमा परेको छ। सुरक्षाकर्मीले आफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ, त्यसमा विवाद छैन। तर, सबै तहमा सुरक्षाकर्मी नै खटिने, प्रत्येक नागरिकलाई शंकाको दृष्टिले हेर्ने र नेतृत्व स्वयं 'सिभिलियन' भूमिका निर्वाह गर्न असफल हुने अवस्था गम्भीर चिन्ताको विषय हो।

नागरिक नेतृत्व आफ्नो स्थानमा दृढ रहनुपर्छ। सुरक्षा संयन्त्रलाई उचित निर्देशन, तालीम र उपकरण उपलब्ध गराउने दायित्व नागरिक नेतृत्वकै हो। तर, सबै ठाउँमा सुरक्षा फौजलाई अगाडि सार्ने र नागरिक भूमिकालाई कमजोर बनाउने अभ्यास लोकतन्त्रका लागि दीर्घकालीन खतरा हो।

२०/२५ वर्षपहिले यस्ता बहसहरू नागरिक समाज र राजनीतिक वृत्तमा चुनावअघि निकै हुने गर्थे। अहिले त्यस्तो बहस हराउँदै गएको छ। निर्वाचनमा जंगीकरण बढ्दै गएको छ। यो अन्ततः कहीं नपुग्ने यात्रा हो।

यस पटकको निर्वाचनमा राज्यको प्रत्यक्ष रु.२५ अर्ब र उम्मेदवार, दल र अन्य अप्रत्यक्ष खर्च जोड्दा यो रकम खर्ब नजीक पुग्छ। निर्वाचनका कारण मुलुकका आर्थिक गतिविधि ठप्प हुन्छन्। उत्पादन र उपार्जन रोकिन्छन्। समस्या यहींबाट शुरू हुन्छ।

निर्वाचनमा नागरिक संलग्नताको अवधारणा कमजोर हुँदै गएको छ। पहिले राजनीतिक स्वयंसेवक देखिन्थे। अहिले त्यो दृश्य लगभग समाप्त भएको छ। म्यादी सुरक्षाकर्मीको संख्या बढ्दै गएको छ। पहिले नेपाल प्रहरीले मात्रै म्यादी खटाउँथ्यो। अहिले सशस्त्र प्रहरी पनि थपिएको छ। सम्पूर्ण सुरक्षा संयन्त्रको छाता सेनाको हातमा छ। सर्वोच्च सुरक्षा निकायका रूपमा सेनाको भूमिका स्वाभाविक हो। तर, यसले निर्वाचन नागरिक अभ्यासबाट टाढा गएको संकेत गर्छ।

हामीकहाँ निर्वाचन घोषणा भएपछि ६ महीनाको समय पनि अपुग ठानिन्छ। जबकि, विश्वका धेरै मुलुकमा एक महीनाभित्रै मतदान सम्पन्न गरिन्छ। हामीसँग संघीय संरचना अन्तर्गत ७५३ स्थानीय तह छन्। ती पालिकालाई निर्वाचन व्यवस्थापनमा पूर्ण रूपमा परिचालन गर्न सकिन्थ्यो। निर्वाचन सामग्री सुरक्षित राख्ने, स्वयंसेवक परिचालन गर्ने, आधारभूत व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिन सकिन्थ्यो। केन्द्रले आवश्यक सुरक्षा उपकरण र विशेष व्यवस्थापन मात्र उपलब्ध गराउने हो भने निर्वाचन खर्च पर्याप्त मात्रामा घटाउन सकिन्थ्यो।

२०७२ सालमा बनेको संविधान आज एक दशक पूरा हुँदा पनि पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन। संविधानमा तोकिएको समयसीमाभित्र बनाइनुपर्ने धेरै कानून अझै बनेका छैनन्। निजामती ऐन, प्रहरी ऐन, शिक्षा ऐन जस्ता आधारभूत कानूनहरू अझै अधुरै छन्।

संविधानलाई 'पेन्डुलम' जस्तो झुण्ड्याएर राख्दा त्यसको असर संस्थामा पर्छ। संस्थाले अपेक्षित काम गर्न नसक्दा नागरिकमा वितृष्णा पैदा हुन्छ। संस्थाहरूले आफ्नो दायित्व पूरा नगर्दा नागरिक असन्तोष चुलिएको हो।

यसका साथै हामी अर्थतन्त्रमा पनि असफल भयौं। रोजगारी सिर्जना गर्न सकेनौं। उत्पादन र निर्यात बढाउन सकेनौं। श्रम निर्यात बाहेक अन्य विकल्प खोज्न सकेनौं। यसले नागरिक स्रोत कमजोर बनायो।

नागरिक समाज कमजोर बन्यो। मीडिया जस्ता 'सिभिलियन' संस्थाहरू कमजोर बने। नागरिक समाज कमजोर भएको छ। बहस र छलफल हराउँदै गएका छन्।

यही कारण निर्वाचन प्रक्रियामा सुधार, संविधानको प्रभावकारी कार्यान्वयन र आवश्यक परिमार्जनका बहसहरू सार्वजनिक रूपमा देखिंदैनन्। धेरैको प्राथमिकतामा यी विषय पर्न छाडिसके। सुन्ने र सुनाउने दुवैको अभाव छ।

यति हुँदाहुँदै पनि आशा गर्ने ठाउँ पूर्णतः समाप्त भइसकेको छैन। यस निर्वाचनले केही यथास्थितिलाई हल्लाउने संकेत दिएको छ। तर, एउटै निर्वाचनले सम्पूर्ण राजनीतिको दिशा तुरुन्तै बदल्न सक्दैन। दशौं वर्षसम्म थुप्रिएका समस्या एकैचोटि समाधान हुने सम्भावना छैन। सही थालनी भएमा आगामी एक-दुई निर्वाचनपछि मात्र राजनीतिले सही बाटो लिन सक्छ।

आगामी संसद्ले आवश्यक कानून निर्माणमा पहल गर्ला भन्ने अपेक्षा गर्न सकिन्छ। कुनै दलको स्पष्ट बहुमत नआए सरकारदेखि कानून निर्माणको काममा समेत कठिनाइ हुन्छ। कानून निर्माण र कार्यान्वयन विना समाज र राजनीति दुवैले गति पाउँदैनन्। हिमालखबरबाट

# निर्वाचनमा नयाँ पुस्ता



• डा. शोभाकर पराजुली

'एक स्वतन्त्र अनि सार्वभौम नागरिकका लागि मतदान बहुमूल्य अधिकार हो । लोकतान्त्रिक समाजमा हामीसँग भएको यो सबैभन्दा शक्तिशाली अहिंसात्मक हतियार हो, जसलाई हामीले परिवर्तनका लागि प्रयोग गर्नै पर्छ' अमेरिकी राजनीतिज्ञ जोन लेविसले लोकतन्त्र र मतदानलाई हरेक स्वतन्त्र नागरिकको अधिकार मात्रै नभएर एक विवेकशील नागरिकका लागि देशप्रति निर्वाह गर्नुपर्ने अमूल्य कर्तव्य भनेका छन् ।

हरेक राष्ट्रका लागि एक सभ्य, सुसंस्कृत र उत्तरदायी शासन व्यवस्थाका निम्ति निर्वाचन एक अपरिहार्य परिचक्र हो । जसबाट शासकमाथि प्रश्न गर्न पाउने नागरिकको अधिकार अनि जनतालाई जवाफ दिनुपर्ने राज्यको उत्तरदायित्वलाई सन्तुलित र बरकरार राख्छ । त्यसैले स्वतन्त्र समाजमा निर्वाचनको अपरिहार्यता भएको हो । यो आधुनिक युगको एक त्यस्तो उदाहरण पनि हो, जहाँ जनताको आफ्नो शक्ति निहित हुन्छ र त्यसको भय सधैँ शासक वर्गमाथि रहन्छ । लोकतन्त्रमा त्यो शक्ति भनेको नागरिकसँग भएको एक मात्र सार्वभौम हतियार हो । निर्वाचन आमरूपमा स्थापित विश्वव्यापी लोकतन्त्रको पहिलो सर्त पनि हो । त्यस कारण पनि लोकतन्त्रमा निर्वाचन भनेको अझ उन्नत लोकतन्त्रको एक सुन्दर अभ्यास मात्रै नभएर त्यसलाई निखार्ने एक माध्यम पनि हो । जहाँ जनताका प्रश्न अनि उम्मेदवारका जवाफदेहिताबाट राष्ट्रको भविष्य रेखा कोर्न सकिन्छ । बदल्न सकिन्छ ।

निर्वाचनका अनेकन प्रकार हुन्छन् । आआफ्नै विधि र प्रक्रिया हुन्छन् । सामान्यतया नागरिकले गोप्य मतदानमार्फत आफ्ना प्रतिनिधि चुनेर शासनसत्ताको बागडोर वा नीति निर्माणको तहमा आफैँलाई पुऱ्याए जत्तिकै भान हुनु वा महसुस हुनु नै मतदान अर्थात् निर्वाचन हो । एक सार्वभौम राष्ट्रका स्वतन्त्र नागरिकको जीवनमा यसले परिवर्तन अनि आफ्ना आवश्यकताका मानक स्थापित गर्न आफ्ना प्रतिनिधिमार्फत छनोट व्यक्त गरिरहेका हुन्छन् । लोकतन्त्रका लागि चुनाव आत्मा पनि हो । जसले जनता र शासकवर्गलाई सधैँ एउटै डोरीमा बाँधिराख्छ । त्यो भनेको जवाफदेहिता हो र लोकतन्त्रमा त्यो अति नै अनिवार्य सर्त पनि हो ।

हाम्रो सिङ्गो राष्ट्र यतिबेला फेरि एउटा निर्वाचनका लागि होमिएको छ । नियमित हुने निर्वाचनभन्दा यसपालिको यो निर्वाचन अलि विशिष्ट समयमा भइरहेको छ । खास गरी भन्ने हो भने २०८२ भदौ २३ को जेनजी विद्रोह अनि अर्को दिनको विध्वंसपछि देशमा जुन उथलपुथल भयो त्यो असाध्यै पीडादायी र भयानक भयो । तथापि लोकतन्त्रमा हरेक विद्रोह स्वीकार्य हुन्छ । राज्यले त्यसलाई सुन्नु पर्छ । राजनीतिक दलले त्यसलाई स्विकार्नु पर्छ र समाजले त्यसलाई आत्मसात् गर्नै पर्छ । परिवर्तनका खातिर हरेक पुस्तालाई विद्रोहको अधिकार छ तर त्यसबाट सिर्जित जुन परिस्थिति भयो त्यो भने अप्रत्याशित नै थियो । नेपालमा भएका हरेक विद्रोहका स्वरूप हेर्दा ती आआफ्नै भिन्नभिन्न प्रकृति छन् । स्वभाव छन् । निश्चित उद्देश्य अनि लक्ष्य जोडिएका छन् । तर यो प्रकारको विध्वंस भने इतिहासमा कहिल्यै भएको थियो । त्यसको मतलब त्यो विद्रोहको भाव खराब थिएन, बरु त्यस क्रममा धमिलिएको समयभित्र जसरी घुसपैठ गरेर विद्रोहको आत्मालाई नै खरानी बनाइयो, त्यसको चर्को मूल्य आज राज्यले नै चुकाउन परिरहेको छ । त्यसको सजाय देशले पाइरहेको छ ।

हाम्रो प्रजातन्त्र, लोकतन्त्र, हाम्रा नागरिक अधिकार राष्ट्र अनि राष्ट्रियताले त्यसको ठुलो मूल्य अझै कैयौँ पुस्तासम्म चुकाउनुपर्ने छ । यो सत्य मात्रै होइन त्यही विध्वंसको एक शाश्वत तथ्य पनि हो । यद्यपि त्यो परिवर्तनको एक बिगुल थियो । विद्रोह चेतको त्यो विस्फोटले हाम्रा सामाजिक, राजनीतिक र यस्ता कैयौँ संरचनामाथि जबर्जस्त हमला गरेको थियो । जो परिवर्तनको एक आह्वान पनि थियो । भ्रष्टाचार, कुशासन अनि अपहृत आत्मसम्मानले किचिएका नवपुस्ताको त्यो विद्रोह चेतले गर्दा नै अहिलेको राजनीतिक अनि सामाजिक परिस्थिति, सोच, चिन्तन र मनन बदलिन थालेका छन् । परिवर्तन भनेको यस्तै हो र यसै गरी नै हुने हो । त्यो विद्रोहलाई राज्यले आत्मसात् गरिसकेको छ । थोत्रिएको अनि मक्किइसकेको राजनीतिक संरचना अलि अलि भए पनि बदलिन थालेका छन् ।

'शासकीय' राजनीतिक नेतृत्वको सोच परिवर्तन हुन थालेका छन् । नवपुस्ताले बगाएको त्यही रगत अब देशका लागि परिवर्तनको एक महान् मानक पनि बन्न सक्छ । त्यसकै परिणाम वा भनौँ त्यो विद्रोहले बिथोलेको राजनीतिक संरचनालाई त्यही विद्रोहको भाव अनुसार पुनर्संरचना गर्नका निम्ति नै अहिले निर्वाचनमा होमिएका हौँ । संविधानतः आमनिर्वाचनका लागि अझै पनि केही समय बाँकी नै छ । तथापि हामी फेरि एक पटक विद्रोह अनि राजनीतिक विकेकले भरिएका जनतामाझ नयाँ 'जनमत' लिन कस्सिएका छौँ । यो कुनै राजनीतिक अहम् वा परिस्थिति बिग्रिएर कसैको स्वार्थमा हुन लागेको मध्यावधि वा आवधिक चुनाव होइन । बरु समय र नागरिकको अभिमत विस्फोटको आवश्यकताले निम्त्याएको यो ऐतिहासिक 'आकस्मिक' निर्वाचन हो । त्यस कारण पनि नेपालको राजनीतिक इतिहासमा यो निर्वाचनको आफ्नै मह□व सदा रहिरहने छ । यो फगत कुनै व्यक्ति वा राजनीतिक दललाई सत्तामा पुऱ्याउनका लागि गरिएको निर्वाचन मात्रै होइन । खरानी भएको देशलाई माथि उठाउन, राष्ट्रियता जोगाउन अनि सिङ्गो राष्ट्रको भविष्य निर्माणका लागि पनि यो चुनाव अपरिहार्य थियो । राष्ट्र, राष्ट्रियता अनि आमनागरिकका भावना र सपना खरानी भएको यो समयमा हामी फेरि त्यही खरानी

❖ बाँकी तेस्रो पृष्ठमा

# दिव्य दृष्टि पुस्तकको समालोचनात्मक समीक्षा

• **दयाराम सिम्खडा**


इन्द्र ओलीद्वारा लिखित पुस्तक- दिव्य दृष्टिले नेपालमा लागूऔषध दुरुपयोगको बढ्दो चुनौतीलाई सम्बोधन गर्दै जनस्वास्थ्य र सामाजिक चेतनासम्बन्धी नेपालको साहित्यमा उल्लेखनीय योगदान पुऱ्याएको छ। नेपाल प्रहरीमा रहँदा लागूऔषध नियन्त्रण अधिकारीको रूपमा आफ्नो बृहत् अनुभवलाई रेखांकित गर्दै ओलीले वास्तविक जीवनको केस स्टडीसँग व्यावसायिक अन्तरदृष्टिको संयोजन गर्दै जानकारीमूलक र कारवाहीयोग्य दुवै किसिमको आकर्षक कथा उपलब्ध गराउनुभएको छ।

पुस्तकले नेपालमा प्रचलित लागूऔषधका प्रकार मात्र नभएर यसको प्रयोगसँग सम्बन्धित सामाजिक, मनोवैज्ञानिक र स्वास्थ्यमा पर्ने असरलाई पनि प्रकाश पारेको छ। यो विशेष गरी महत्वपूर्ण छ किनभने यसले सचेतना, रोकथाम, र रिकभरीको लागि व्यावहारिक रूपरेखा प्रदान गर्दछ, यसले विद्यालयहरू, सामुदायिक संस्थाहरू, नीति निर्माताहरू र परिवारहरूका लागि बहुमूल्य स्रोत बनाउँछ।

**लागूपदार्थ र तिनीहरूका प्रभावहरूको व्यापक कभरेज**

पुस्तकको सबैभन्दा ठूलो शक्ति नेपालमा लागूपदार्थको परिदृश्यको विस्तृत चित्रण हो। ओलीले सामान्य रूपमा प्रयोग हुने औषधिहरूको रासायनिक संरचना, उपभोगको ढाँचा र सबैभन्दा बढी प्रभावित जनसंख्यालगायतका लागूऔषधिहरूको व्यवस्थित रूपमा वर्णन गर्नु भएको छ। उहाँले यस पुस्तकमा धेरै वास्तविक घरेलु र अन्तर्राष्ट्रिय केस स्टडीहरू समावेश गर्नु भएको छ जसले पाठकहरूलाई व्यक्ति, परिवार र समाजमा लागूऔषधको दीर्घकालीन स्वास्थ्य र सामाजिक बोझको बारेमा स्पष्ट दिशानिर्देशहरू प्रदान गरेको छ।

पुस्तकले लागूऔषध दुरुपयोगका कारणहरू, सामाजिक दबाब र साथीहरूको प्रभावदेखि आर्थिक कठिनाइ र मानसिक स्वास्थ्य चुनौतीहरू






सम्मको अन्वेषण गर्दछ। व्यापक सामाजिक र स्वास्थ्य ढाँचाभित्र लागूऔषधको प्रयोगलाई सन्दर्भित गरेर ओलीले पाठकहरूलाई लतलाई आपराधिक मुद्दाको रूपमा मात्र नभई जटिल सामाजिक र सार्वजनिक स्वास्थ्य समस्याको रूपमा हेर्न सक्षम तुल्याउनु भएको छ। यसबाहेक, दिव्या दृष्टिले लक्षणहरू, स्वास्थ्य चुनौतीहरू, र लागूपदार्थको दुरुपयोगको सामाजिक परिणामहरू स्पष्टरूपमा अन्वेषण गरिएको छ। दस्तावेज गर्दछ। पाठकहरूले शारीरिक निर्भरता, मनोवैज्ञानिक संकट, पारिवारिक अवरोध, र सामुदायिक-स्तर प्रभावहरूमा अन्तरदृष्टि प्राप्त गर्छन्। वैज्ञानिक ज्ञानलाई वास्तविक कथाहरूसँग एकीकृत गरेर पुस्तकले जागरूकता र समानुभूति दुवै सिर्जना गर्न सफल सफल भएको छ।

**शहरी ट्रान्जिट हब र लागूऔषधहरूको बेचबिखन**

पुस्तकको अर्को महत्वपूर्ण योगदान भनेको लागूऔषधको प्रयोग र ओसारपसारका लागि उदीयमान ट्रान्जिट हबको रूपमा नेपालको प्रमुख सहरहरूको अन्वेषण हो। नेपालमा, धेरै शहरहरू तिनीहरूको रणनीतिक स्थानहरू, जडान र शहरी घनत्वका कारण प्रमुख औषधि ट्रान्जिट हबको रूपमा देखा परेका छन्। काठमाडौं, ललितपुर र भक्तपुरलगायत काठमाडौं उपत्यका लागूऔषध ओसारपसार, ओसारपसार र उपभोगको सबैभन्दा ठूलो केन्द्र हो। पोखराले पश्चिमी नेपाललाई भारतसँग जोड्ने एउटा बढ्दो हबको रूपमा काम गर्दछ, जबकि पूर्वी सीमाना नजिकैको विराटनगरले आयातित लागूऔषधहरूको प्रमुख प्रवेश बिन्दुको रूपमा काम गर्दछ। भैरहवा (सिद्धार्थनगर) र नेपालगन्ज जस्ता सीमावर्ती सहरहरू सीमापार तस्करी र लागूऔषधको आन्तरिक पारवहनका लागि पनि महत्वपूर्ण छन्। यी सहरहरूले बेचबिखनलाई मात्र होइन तर लागूपदार्थको प्रयोगको उच्च दरहरू पनि छन्। यस विश्लेषणले लागूऔषध समस्याको भौगोलिक आयामलाई मात्र हाइलाइट गर्दैन तर समुदाय-स्तरको सतर्कता र निवारक कार्यको महत्वलाई पनि सुदृढ बनाउँछ। यी ढाँचाहरू चित्रण गरेर, पुस्तकले पाठकहरूलाई धेरै महत्वपूर्ण ज्ञान प्रदान गर्दछ ,जुन नीति वकालत र तल्लो तहको कार्य दुवैका लागि महत्वपूर्ण छ, यसलाई कानून प्रवर्तन पेशेवरहरू, सामुदायिक नेताहरू र युवा शिक्षकहरूका लागि व्यावहारिक उपकरण बनाउँछ।

**व्यावसायिक अनुभवको एकीकरण**

लागूऔषध नियन्त्रण अधिकृतको रूपमा ओलीको व्यावसायिक पृष्ठभूमिले पुस्तकको विश्वसनीयता र गहिराइ थपेको छ। उहाँको प्रत्यक्ष अनुभवले उहाँलाई प्रवर्तन चुनौतिहरू, पुनर्स्थापना दृष्टिकोणहरू, र नीतिगत अन्तरहरूमा भित्री दृष्टिकोण प्रदान गर्न सक्षम बनाइएको छ। यी अन्तर्दृष्टिहरूले कथालाई समृद्ध बनाउँदछ, पाठकहरूलाई जानकारी मात्र होइन तर कसरी अधिकारी र समुदायहरूले लागूपदार्थ दुरुपयोगविरुद्ध लड्न र सँगै काम गर्न सक्छन् भन्नेबारे व्यावहारिक मार्गदर्शन प्रदान गर्दछ।

**व्यावहारिक अनुप्रयोग र सिफारिसहरू**

दिव्य दृष्टिको सबैभन्दा मूल्यवान पक्ष भनेको यसको व्यावहारिक उपयोगिता हो। ओलीको कामले विद्यालय र सामुदायिक संस्थाहरूलाई, बालबालिका, किशोरकिशोरी र युवा वयस्कहरूलाई लक्षित गरी सचेतना कार्यक्रम, कार्यशाला र रोकथाम अभियानहरू विकास गर्न स्रोत पुस्तकको रूपमा काम गर्न सक्छ। पुस्तकले युवा मानिसहरूको हितलाई समर्थन गर्न, प्रारम्भिक सचेतना शिक्षा, लागूपदार्थको जोखिमको जागरूकता र संरचित रिकभरी हस्तक्षेपहरूमा जोड दिँदै रोकथाम र उपचारात्मक ढाँचा प्रदान गर्दछ। यसको वास्तविक केस स्टडी, डाटा-संचालित अन्तर्दृष्टि, र कार्ययोग्य मार्गदर्शनको संयोजनले यसलाई शिक्षकहरू, सामाजिक कार्यकर्ताहरू, र सामुदायिक कार्यकर्ताहरूको लागि आवश्यक सन्दर्भ बनाउँछ।

**भविष्यमा सुधारको लागि सिफारिस क्षेत्रहरू**

जबकि दिव्या दृष्टि धेरै क्षेत्रमा उत्कृष्ट छ, म समग्र चिकित्सा र कल्याण अभ्यासहरू समावेश गर्न यसको रिकभरी फ्रेमवर्क विस्तार गर्न सिफारिस गर्दछु। यस्तो दृष्टिकोणले रोकथाम र पुनर्स्थापनामा पुस्तकको उपयोगितालाई अझ बलियो बनाउन सक्छः

- स्वस्थ आहारः रिकभरी र मानसिक स्वास्थ्यलाई समर्थन गर्न पोषणले महत्वपूर्ण भूमिका खेल्छ।
- सम्बन्ध व्यवस्थापनः सहयोगी परिवार र साथीहरूको सञ्जाल दीर्घकालीन पुनर्स्थापनाको लागि महत्वपूर्ण हुन्छ।
- व्यायामः शारीरिक गतिविधिले तनाव कम गर्न र समग्र स्वास्थ्य सुधार गर्न मद्दत गर्छ।
- तनाव व्यवस्थापनः ध्यान, माइन्डफुलनेस, र आराम गर्ने अभ्यास जस्ता प्रविधिहरूले पुनः लाग्ने जोखिमहरू कम गर्न सक्छ।
- निद्रा र आरामः शारीरिक र मनोवैज्ञानिक सुधारको लागि पर्याप्त आराम आवश्यक छ।
- माइन्डफुलनेस अभ्यासहरूः गहिरो सास फेर्न, जर्नलिङ, र ऊर्जा ट्यापिङ जस्ता गतिविधिहरूले भावनात्मक नियमन र लचिलोपन बढाउन सक्छ।

यी समग्र दृष्टिकोणहरूलाई एकीकृत गरेर, पुस्तकले रोकथाम र दीर्घकालीन रिकभरी दुवैको लागि व्यापक गाइडको रूपमा काम गर्न सक्छ, यसको व्यावसायिक अनुभव र केस अध्ययनहरूको बलियो आधारलाई पूरक बनाउँछ।

**निष्कर्ष र सिफारिस**

दिव्य दृष्टि एउटा ग्राउन्डब्रेकिङ र अत्यधिक व्यावहारिक पुस्तक हो जसले नेपालको सबैभन्दा महत्वपूर्ण सामाजिक चुनौतीहरूमध्ये एक बालबालिका र युवा वयस्कहरूमा लागूऔषध दुरुपयोगलाई सम्बोधन गर्न मद्दत सक्छ। पेशागत विशेषज्ञता, वास्तविक जीवनको केस स्टडी र व्यावहारिक मार्गदर्शनको संयोजन गरेर ओलीले जानकारीमूलक र कार्ययोग्य दुवै स्रोत सिर्जना देखाउनुभएको छ।

यस पुस्तकलाई विद्यालय, सामुदायिक संस्थाहरू, र युवा कार्यक्रमहरूको लागि एक स्रोत पुस्तकको रूपमा सिफारिस गर्न सकिन्छ, सचेतना सिर्जना गर्न, लागूपदार्थको दुरुपयोग रोक्न र रिकभरीलाई समर्थन गर्ने फ्रेमवर्कहरू प्रदान गर्दछ। मेरो व्यक्तिगत अनुभवमा नेपालको सार्वजनिक स्वास्थ्य, शिक्षा, नीति निर्माता वा सामुदायिक विकासमा संलग्न जो कोहीले यो पुस्तक एक पटक अवश्य पढ्नै पर्छ। सामाजिक चेतनाको लागि पुस्तकको समर्पण र बालबालिका र युवाहरूको कल्याणमा यसको सम्भावित प्रभाव विशेष रूपमा प्रशंसनीय छ। भविष्यका संस्करणहरूमा समग्र चिकित्सा र माइन्डफुलनेस रणनीतिहरू थपेर, दिव्या दृष्टिले रोकथाम, उपचार, र समुदायमा आधारित पुनर्स्थापना, ब्रिजिङ नीति, अभ्यास, र व्यक्तिगत सशक्तिकरणको लागि एक व्यापक प्रशिक्षण पुस्तिकामा विकसित हुन सक्छ।

अन्त्यमा, सफल लेखक, सामाजिक कार्यकर्ता, पत्रकार र धार्मिक व्यक्तित्व इन्द्र ओली ज्यूको दिव्य दृष्टि पुस्तकले समाजमा सकारात्मक परिवर्तन ल्याउनेमा म पूर्ण विश्वस्त छु । तपाईको महान सामाजिक र साहित्यिक कार्यको निरन्तरताको लागि प्रशंसासहित धन्यवाद व्यक्त गर्दछु।

(लेखक दयाराम सिम्खडा अष्ट्रेलियाको सिड्नीमा अध्यापन गर्छन् ।)

## निर्वाचनमा...

खोम्निएर उठ्ने तरखरमा छौं । तसर्थ पनि यो निर्वाचनसँग मात्रै सत्ता, सरकार वा त्यसको शक्ति स्थापनाको स्वार्थ मात्रै नभएर हाम्रो राष्ट्रिय जीवनसँग पनि जोडिएको एउटा परीक्षा पनि हो ।

जेनजी विद्रोहको जगमा बनेको अनि निर्वाचन गराउने मुख्य अभिभारा बोकेको अन्तरिम सरकारले फागुन २१ गतेका लागि घोषणा गरेको चुनावका लगभग महत्वपूर्ण चरण अब पूरा भएका छन् । उम्मेदवारी दर्तासँगै अब सबै उम्मेदवार अनि राजनीतिक दल आआफ्नो चुनावी अभियानमा होमिइसकेको अवस्था छ । काल, परिस्थिति यथावत् रहे अबका ४१ औं दिनमा देशमा स्वच्छ अनि निष्पक्ष मतदान भइसकेको हुने छ । त्यसका लागि सरकारले पनि आआफ्नो बलबुँताले भ्याएसम्म भरपुर प्रयास गरेको देखिन्छ ।

जनविश्वासमा खोटो देखिएका राजनीतिक दलहरू, तिनका उम्मेदवार (नेता) हरू अनि आफूलाई जनताबाटै परिक्षित गराउन मैदानमा उत्रिएका सबै 'स्वतन्त्र' उम्मेदवार यति बेला मतदाताका घरघरमा पुग्न थालिसकेका छन् । निर्वाचन भनेको मात्रै जनतासँग भोट माग्ने 'रमिता' होइन, बरु यो भनेको जनताको प्रश्नको सही र साँचो जवाफ दिनुपर्ने एक बाध्यात्मक परिस्थिति पनि हो । जसबाट फेरि जनताले आफ्नो अभिमतमार्फत आफ्ना प्रतिनिधिलाई शासनसत्तामा पुऱ्याउँछन् । त्यसैले लोकतन्त्र भनेको हरेक नागरिकको संवैधानिक अधिकार र कर्तव्य हो । सँगसँगै निर्वाचन भनेको एक आमनागरिकको आफ्नो विवेकको परीक्षा पनि हो । देशमा धेरै प्रकारका धेरै चुनाव भइसकेका छन् र भइरहन्छन् । पटक पटक मतदाताले आफ्नो विवेकको मत प्रयोग गरेर आफ्ना प्रतिनिधि छानोट गर्ने लोकतन्त्रको यो महाउत्सव पनि हो । त्यसमा पनि यस पटकको निर्वाचनको आफ्नै विशिष्टता छ, त्यो भनेको परिस्थितिको विशेषता हो । यस्तो अवस्थामा कसरी आफ्ना प्रतिनिधि छनोट गर्ने भन्ने सार्वभौम अधिकार र विवेक आममतदातामै निहित हुन्छ । हामीले अहिलेसम्म छानेका, चुनेका अनि मत बुझाएका प्रतिनिधिले हाम्रा लागि के कति गरे ? त्यसको निर्मम समीक्षा गर्ने उपयुक्त समय नै यही हो ।

देशका लागि कस्तो नेतृत्व चाहिन्छ, हाम्रो आगामी पुस्ताको भविष्य हामीले कस्तो नेतृत्वलाई सुम्पिँदै छौं भन्ने कुराको राम्रो हेक्का गर्न सक्ने विवेकशील मतदाताले मात्रै देशको भविष्यमाथि न्याय गर्न सक्छ । विवेकपूर्ण मतदानबाट मात्रै हामी असली रूपमा परीक्षित हुन सक्छौं । किनकि एउटा नेतृत्व असफल हुनु भनेको मात्रै ऊ असफल हुनु होइन त्यो जिम्मेवारी वा उत्तरदायित्वको एक हिस्सा हामी आममतदाता पनि रहन्छौं । अनि त्यसको मूल्य हाम्रो राष्ट्र र राष्ट्रियताले लामो समयसम्म चुकाइरहनुपर्ने हुन्छ । त्यसैले मतदान र मतदाताको विवेकबिच अन्योन्याश्रित सम्बन्ध रहन्छ । उसै युग फेरिएको छ, समय फेरिएको छ अनि मान्छेका चेतना फेरिएका छन् । प्रविधिले साँघुरो बनाइराखेको यो वैश्विक युगमा जनता आफैं सचेत छन् र विवेकशील छन् ।

यो विशिष्ट परिस्थितिमा हुन लागेको विशिष्ट विशेषता बोकेको निर्वाचनका लागि अहिले जुन प्रकारको उत्साह देखिएको छ अझ खास गरी नयाँ पुस्तामा देखिएको उत्साह र सक्रियताले अझ पनि धेरै परिवर्तनका सङ्केत गरेका छन् । राजनीतिक दल वा भनौँ हरेक उम्मेदवार अब त्यही उत्साहको भावलाई आत्मसात् गर्दै निर्वाचनमा होमिन जरुरी छ । यतिबेला देशका कैयौँ ऐतिहासिक धरोहर, न्यायिक निकाय अनि शासकीय संरचना मात्रै ध्वस्त भएका छैनन्, बरु कैयौँ अमूल्य (नवपुस्ता) जीवन पनि समाप्त भएका छन् । हाम्रा कैयौँ छोराछोरी अपाङ्गता जीवन बाँच्न विवश छन्, त्यसबाट उनीहरूको जीवन, सपना र आशा अनि भरोसा मात्रै सबथोक बिथोलिएको छ । राजनीति बिथोलिएको छ, समाजिक संरचना हल्लिएको छ । राष्ट्र अनि राष्ट्रियतामाथि अनेकन आघातका सङ्केत देखा परेका छन् । यस्तो अवस्थामा आगामी फागुन २१ को निर्वाचन जति भव्य, सभ्य अनि स्वच्छ र निष्पक्ष रूपमा सम्पन्न हुन्छ, त्यत्ति नै यो राष्ट्रको भविष्य अनि राष्ट्रियता सुरक्षित हुन्छ । अनि मात्रै हाम्रो लोकतन्त्र बाँच्छ ।

'राष्ट्रियता भनेको हामी सबै हौं । हामी तपाईंको अधिकार खोसिएपछि राष्ट्र बलियो हुन्छ भन्ने कुरो मलाई मूर्खताको कुरो जस्तो लाग्छ । तपाईंहरू बलियो हुन सक्नुभयो भने, हाम्रो अधिकार रम्रोसँग प्रयोग गर्न सक्यौं भने राष्ट्र बलियो हुन्छ । निर्धा, निमुखा, अधिकार नभएको, आफ्नो बुद्धिले सोच्न नसक्ने जनताले कहिल्यै पनि राष्ट्रियताको निर्माण गर्न सक्दैनन्' महान् प्रजातान्त्रिक योद्धा महामानव बिपीले त्यसै भन्नुभएको होइन, 'राष्ट्रियताका लागि पनि प्रजातन्त्र नभई हुँदैन । आफ्नो राजनीतिक अधिकार खोसिएको जनता राष्ट्रियताप्रति जागरुक हुँदैन । प्रजातन्त्र त्यसै पनि वाञ्छनीय लक्ष्य हो । त्यसमा हाम्रो देशको राष्ट्रियताको संरक्षणका लागि अन् यो आवश्यक भएको छ । त्यसैले मैले राष्ट्रियता र प्रजातन्त्र अन्योनाश्रित छन् भन्दै आएको छु । हाम्रो प्रजातान्त्रिक विचारसँग मेल नखाने तत्वसँग हाम्रो राम्रो सम्बन्ध सम्भव छैन ।' त्यसैले नयाँ पुस्तालाई प्रजातन्त्र, लोकतन्त्र अनि राष्ट्र र राष्ट्रियताको महत्व बुझाउनका निम्ति पनि यो ऐतिहासिक निर्वाचनको आफ्नै प्रकारको महत्व छ । गोप

## पुस्तक दिवसमा शैक्षिक र खेलकुद सामग्री बितरण

बिर्तामोड, माघ ९ ।हरेक वर्षको ऋषि पञ्चमीका दिन मनाइने १३औं राष्ट्रिय पुस्तक दिवसले पुस्तकको महत्वसँगै शिक्षा र सामाजिक उत्तरदायित्वको सम्बन्धलाई स्मरण गराउँछ। पुस्तक पढ्ने सामग्री मात्र नभई चेतना, अनुशासन र सभ्य समाज निर्माणको आधार हो भन्ने सन्देश बोकेको यो दिवस झापामा पनि अर्थपूर्ण कार्यक्रमसहित शुक्रबार मनाइएको छ।

नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ झापाको आयोजनामा अर्जुनधारा नगरपालिका-५ स्थित नवज्योति आधारभूत विद्यालयमा शैक्षिक सामग्री, स्टेशनरी तथा खेलकुद सामग्री वितरण गर्दै राष्ट्रिय पुस्तक दिवस मनाइएको हो।

कार्यक्रममा विद्यालयमा अध्ययनरत करिब १०० जना छात्रछात्रालाई जनही कपी, पेन्सिल, बलपेन र खेलकुद सामग्री प्रदान गरिएको थियो। महासंघका वरिष्ठ उपाध्यक्ष सुमन खनालका अनुसार करिब ७५ हजार रुपैयाँ मूल्य बराबरका शैक्षिक सामग्री वितरण गरिएको हो।

"सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई आवश्यक सामग्री सहयोग गर्नु हाम्रो दायित्व हो," खनालले भने, "यसले पढाइप्रतिको रुचि बढाउन सहयोग गर्छ।"

कार्यक्रममा महासंघका केन्द्रीय सचिव महेश शर्मा, केन्द्रीय सह-कोषाध्यक्ष रबिन बराल, केन्द्रीय सदस्य पुरुषोत्तम दाहाल, कोशी प्रदेश सदस्य गौरी चौलागाईं, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विश्वबन्धु थापा, स्थानीय जनप्रतिनिधि लक्ष्मीप्रसाद खनाल, विद्यालयका पूर्व प्रधानाध्यापक कमल भण्डारीलगायत विशिष्ट व्यक्तित्वहरूको सहभागिता रहेको थियो।

कार्यक्रमका प्रमुख अतिथि महासंघका कोशी प्रदेशका निवर्तमान अध्यक्ष जीवन नेपालले पुस्तक व्यवसायीहरूको भूमिकाबारे स्पष्ट दृष्टिकोण राखे। 'व्यवसाय भनेको नाफामुखी काम मात्र होइन,' उनले भने, 'व्यवसायीले कमाएको आम्दानीको केही अंश समाज रूपान्तरणका लागि खर्च गर्नु नै सामाजिक उत्तरदायित्व हो।' उनले झापामा पुस्तक तथा स्टेशनरी व्यवसायी संघले विगत १२ वर्षदेखि निरन्तर रूपमा सामुदायिक तथा धार्मिक विद्यालयलाई विभिन्न प्रकृतिका सहयोग गर्दै आएको उल्लेख गर्दै यस्ता कार्यक्रमले व्यवसायीहरूको सामाजिक छवि बलियो बनाएको बताए।

विद्यालयकी प्रधानाध्यापक चन्द्रकला भट्टराईले पुस्तक दिवसको अवसरमा प्राप्त

❖ बाँकी अन्तिम पृष्ठमा

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष**: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष**: भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन**: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट**: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह**: दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या**: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला**: सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक**: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु**: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर**: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ**: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन**: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ